राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २७, अङ्क– ३४, चैत १८ गते शुक्रबार, २०७८ (01 April, 2022) | www.janajibro.com | मूल्य रू. १०।-

# ‘भरतपुरमा दावी छ, गठबन्धनमा तालमेल हुन्छ’

## अप्ठ्यारो पर्दा सधैं जनयुद्धको आधारइलाका रोल्पा–रुकुम सम्झन्छु : प्रचण्ड

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले माओवादीले रोल्पाले ध्वंस मात्र नभइ निर्माणमा उत्तिकै निपूर्ण रहेको विश्लेषण गरेका छन्। सधैंजसो अप्ठेरो पर्दा क्रान्तिकालका आधार इलाका रोल्पा-रुकुमलाई सम्झँने गरेको पनि बताए। रोल्पा सदरमुकाम लिवाङमा आयोजित जनसभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले विगतमा पनि आफूलाई अप्ठेरो पर्दा रोल्पा आई नयाँ ऊर्जा लिएर फर्कने गरेको बतएका हुन्।



माओवादी केन्द्र जिल्ला समन्वय समिति रोल्पाद्वारा सरदमुकाम लिवाङमा आयोजित जनसभामा प्रमुख अतिथि रहेका अध्यक्ष दाहालले दशवर्षे सशस्त्र जनयुद्धको स्मरण गर्दै हिजो क्रान्तिको किल्ला रहेको रोल्पा अब विकास र समृद्धिको किल्ला बन्नुपर्नेमा जोड दिए। तत्कालीन सशस्त्र जनयुद्धलाई नयाँ उचाइ दिन रोल्पा र रुकुमले आधार इलाकाका रूपमा महत्वपूर्ण भूमिका खेलेको स्मरण गर्दै उनले पछिल्लो राजनीतिक परिवर्तनमा समेत ठूलो योगदान पुऱ्याएको बताए।

जनसभालाई सम्बोधन गर्नुपूर्व आयोजित पत्रकार सम्मेलनबीच कुराकानी गर्दै अध्यक्ष प्रचण्डले आफूहरू एक्लै निर्वाचनमा होमिने गरी तयारीमा लागेको स्पष्ट पार्दै भने- ‘गठबन्धनको बलमा हैन आफ्नै ताकतमा चुनावमा जाने हो।’ यसैबीच रोल्पा नगरपालिकाले सातदोबाटोमा निर्माण गरेको जनयुद्ध स्मृति भ्यू टावरको उद्घाटनन गर्दै उनले रोल्पाले विकासको नयाँ मोडेल दिनुपर्ने धारणा व्यक्त गरे। ‘रोल्पाले ध्वंश मात्र हैन निर्माण पनि गर्छ भनेर जवाफ दिनुपर्ने बेला आएको छ’ उनले थप गरे। सोही क्रममा भ्यू टावरको दसौं तला चढेर उनले रोल्पा र प्यूठानका विभिन्न भूभागको दृश्यावलोकन समेत गरेका थिए।

यस्तै कार्यक्रमका लागि चितवन पुगेको अध्यक्ष प्रचण्डले जिल्लास्थित

क्रमशः अन्तिम पृष्ठमा

# आहुतिको वैसकपाले पनि चुनाव बहिष्कार गर्ने



**काठमाडौं ।** यसअघि नै मोहन वैद्य ‘किरण’ नेतृत्वको दल नेकपा क्रान्तिकारी माओवादीले आगामी स्थानीय तहको निर्वाचन बहिस्कार गर्ने निर्णय गरिसकेको अवस्थामा विश्वभक्त दुलाल ‘आहुति’ नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी समेत बैशाख ३१ गतेको निर्वाचनमा सहभागी नहुने बताएको छ।

बिहीबार राजधानीस्थित प्रभा भवन कमलादीमा प्रथम राष्ट्रिय भेलाको आयोजना गरेको सो दल गत २०७५ वैशाखमा पार्टीका रूपमा घोषणा भएको थियो। ‘अहिले दलाल पुँजीवादी संसदीय व्यवस्थालाई उपयोग गर्ने वा भाग लिने दुवै अवस्था छैन भन्ने हाम्रो बुझाइ छ’ संयोजक आहुतिले भने ‘यसबाट समस्या समाधान हुने देखिएको छैन, जनतालाई भ्रम दिने थलो बाहेक केही बनेको छैन।’

किरणको क्रान्तिकारी माओवादीले चुनाव बहिष्कारको गर्ने निर्णय गरिसकेको र नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मध्यमार्गी निर्णय गर्दै उपयोग न बहिष्कारको पुगेको अवस्थामा

क्रमशः अन्तिम पृष्ठमा

## चौथो शताब्दीको साङ्ख्य दर्शन

# ब्रह्माण्ड र जीवनको सुरूआत



समय-सन्देश

सिर्जना गौतम

मानिसको उत्पति कसरी भयो र जीवनको सुरुवात कसरी भयो भन्ने धेरै लामो समयदेखि संसारभर चर्चाको मुख्य विषय बनेको छ। सन् १८५० मा डार्विनले “इभोलुसन अफ स्पीसीस” नामक एक प्रभावशाली पुस्तक लेखे। उनले सो पुस्तकका माध्यमबाट जीवविकास प्राकृतिक चयनको नियमअनुसार हुने दावी गरे। जसअनुसार जीवहरूलाई बाँच्न र प्रजनन गर्न मद्दत गर्ने सम्पदागत विशेषताहरू समयसँगै उनीहरूको वंशजमा धेरै देखा पर्दछ। यसैप्रकार धेरै लामो समयमा निकै विशेषताहरू छुट्टिएर विभिन्न प्रकारका जीव तथा वनस्पतिहरू बनेका तर सबैको पुर्खा एउटै हुने पनि उनले दावी गरे। ईश्वरले दुनियाँ र दुनियाँका सबै प्राणी बनाएका हुन् भन्ने विश्वास प्रचलित तत्कालीन समयमा डार्विनको सो सिद्धान्त निकै विवादास्पद पनि विस्तारै वैज्ञानिकहरू र विज्ञानलाई मान्नेहरूले डार्विनको सिद्धान्तलाई तथ्यको रूपमा स्वीकार गर्दै गए।

पूर्वी दर्शनमध्ये एक दर्शन यस्तो पनि थियो जसले चौथो शताब्दीमा नै उस्तै प्रश्नको उत्तर दिएको थियो जसलाई हामी सांख्य दर्शन भन्छौं। छैटौं शताब्दीको सांख्यकरीकाको चिनियाँ अनुवाद र अन्य ग्रन्थहरूले कपिला नामक एक तपस्वीलाई यस दर्शनको संस्थापकको रूपमा, असुरीलाई उत्तराधिकारीको रूपमा र पञ्चशिखालाई विद्वानको रूपमा उल्लेख गरेको छ जसले यस दर्शनलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न मद्दत गरे। ईश्वरकृष्ण लगभग चौथो वा पाँचौं शताब्दीका एक साधु थिए जसले पञ्चशिखाका सांख्य सिद्धान्तहरूलाई संक्षिप्त

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- २७, अङ्क- ३४, चैत १८ गते शुक्रबार, २०७८

## सम्पादकीय

# कम्युनिस्ट आन्दोलन र संसदीय व्यवस्थाको अग्रगामी विकल्प

यतिबेला नेपालमा संसदीय राजनीतिक व्यवस्थाको 'विकल्प छैन' भनेजस्तो अवस्था सिर्जना गरिएको छ। यो व्यवस्थाभन्दा अगाडि, अग्रगामी, प्रगतिशील र जनपक्षीय राज्यव्यवस्थाबारेको बहस, विमर्श र अभियान शून्यप्रायः देखिएको यो बेला बरु योभन्दा प्रतिगामी, प्रतिक्रियावादी र जनघाती-राष्ट्रघाती व्यवस्थाको स्यालहुइँया मच्चाइएको छ।

नयाँ जनवादी क्रान्ति पूरा गरेर वैज्ञानिक समाजवाद हुँदै विश्व साम्यवादतर्फ पदार्पण गर्ने बिक्रम सम्बत् २००६ सालदेखिको महाअभियान कुहिरोको काग भैँ रुमल्लिएर संसदीय व्यवस्थाभित्र बिलिन हुने खतरा टड्कारो देखिइरहेका बेला उल्टै प्रतिक्रान्तिकारी प्रचारबाजी तेज पारिएको छ। तथाकथित हिन्दू अधिराज्य फर्काउने र अझ हुँदाहुँदा त जनताले मसानघात पुऱ्याएर दाहसंस्कार नै गरिसकेको राजतन्त्र फर्काउनेसम्मको दुःसपनाबारे प्रचारबाजी गरिनु अनि संघीय लोकतान्त्रिक गणतान्त्रिक भनिएको सरकार रमिता हेरेर बस्नु घोर आपत्तिजनक छ।

ठीक यहीबेला संसदीय व्यवस्थाका विरुद्ध र जनवादी-समाजवादी अभियानको केवल प्रचार र चेतना जागृतिका लागि मात्रै भए पनि मोहन वैद्य 'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी) र विश्वभक्त दुलाल 'आहुति' नेतृत्वको वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका तर्फबाट नयाँ धार र विकल्प प्रस्तुत गर्ने जमर्को गरिनु सर्वथा स्वागतयोग्य छ। यी दुई पार्टीले आसन्न स्थानीय तहको चुनाव बहिष्कार गर्ने घोषणा गरेका छन्। यतिबेलाको आवश्यकताअनुसार चुनावको बहिष्कार ठीक कि बेठीक अनि उनीहरूको बुताले के-कति सक्ने वा नसक्ने भन्ने प्रश्नहरू र तिनका उत्तर आ-आफ्नै ठाउँमा छन्/हुन्छन्। तर, संसदीय व्यवस्थाभन्दा अगाडि अझ सुन्दर समाज, व्यवस्था र राज्य हुन्छ है भनेर बाटो देखाउने जमर्को गर्नु र राष्ट्र तथा समाजलाई त्यतै डोऱ्याउने प्रयास गर्नुले नेपालमा कम्युनिस्ट आन्दोलन जीवितै रहेको तथ्यलाई पुनर्प्रमाणित भने अवश्य नै गरेको छ।

## चौथो शताब्दी...

र सरलीकृत गरे। योग, तन्त्र र अद्वैत वेदान्तमा लगायत अरु निकै पूर्वी दर्शन र धर्महरूमा सांख्य दर्शको प्रभाव भएको देखिन्छ।

प्रारम्भिक तपस्वी परम्पराहरू, ध्यान, आध्यात्मिक अभ्यासहरू, धार्मिक ब्रह्माण्ड विज्ञान र तर्कको विधिहरूबाट प्रेरित सांख्य दर्शनको मुख्य विषयहरू ज्ञान र विवेक हुन् जसले दुःख र पुनर्जन्मको चक्रलाई समाप्त गरी मुक्ति प्रधान गर्छ। सांख्य एक द्वैतवादी दर्शन हो जसले मात्र दुई वास्तविकताको अस्तित्वलाई स्वीकार गर्दछ ति हुन् पुरुष र प्रकृति। यस दर्शन अनुसार पुरुष भनेको पुलिंगा नभई हरेक प्राणीमा अवस्थित शाश्वत चेतना हो र पुरुष र प्रकृतिबीचको अन्तरक्रियाले ब्रह्माण्डको सृष्टि भयो र हरेक जीव र वस्तुको निर्माण भयो। प्रकृति आफैँमा अकल्पनीय छ जसलाई हामी अनुभव गर्न सक्दैनौं तर यस ब्रह्माण्डमा भएका हरेक चिज प्रकृति कै परिणाम हुन्। सांख्य दर्शन सत्कार्यवादको सिद्धान्तलाई मान्दछ जसअनुसार हरेक प्रभावका आ-आफ्नै कारण हुन्छन्। अनुभव गर्न सकिने सबै कुराको कारण प्रकृतिलाई र चेतनाको कारण पुरुषलाई मानिन्छ र यसै सिद्धान्त द्वारा प्रकृति/पुरुषको अस्तित्वको अनुमान गरिन्छ। प्राकृति एक छ भने पुरुष अनन्त संख्यामा छन्। प्रकृतिसँग पुरुषको अन्तरक्रियाद्वारा अनगिन्ती वस्तुहरू उत्पन्न भए जसको आकार र अन्य विशेषताहरू कसरी निर्धारण हुन्छन् भनि बुझ्न प्रकृतिका तिन गुणहरूको बारेमा चर्चा गर्न आवश्यक छ।

सांख्य दर्शनका अनुसार ब्रह्माण्डको विकास र परिमार्जन निरन्तर हुन्छ। निष्क्रिय पुरुष र अचेतन प्रकृति मध्ये कुनै एक मात्रले सृष्टि गर्न सक्दैन।

प्रकृति तिन गुणहरू सत्व, रजस र तमस मिलेर बनेको हुन्छ र सुरुमा ति सन्तुलनको स्थितिमा हुन्छन्। तर पुरुषको केवल निकटता ति गुणहरूको सन्तुलन खलबलाउन र सृष्टिको सुरुवात गर्न पर्याप्त हुन्छ जसलाई गुण क्षोभको अवस्था भनिन्छ।

यस ब्रह्माण्डमा भएका प्रत्येक वस्तु र जीवमा तीनवटै तत्वहरू केही न केहि मात्रामा अवस्थित छन्। एउटा तत्त्वले अर्कोलाई नियन्त्रण गर्न खोज्छ र लगातार मिश्रण हुने वा अलग हुने प्रक्रियामा हुन्छन्। सबै वस्तुहरू र प्राणीहरूमा हुने भिन्नता यिनै तत्त्वहरूको अनुपात उच्च वा कम हुनका कारणले भएको मानिन्छ।

पुरुष र प्रकृतिको अन्तरक्रियाबाट उत्पन्न भएका परिणामहरू कि त त्यहि अवस्थामा रहन्छन कि थप परिमार्जन भई अन्य रूप लिन्छन्। प्रकृतिको पहिलो उपज महत वा बुद्धि हो जुन प्राणीहरूमा अवस्थित हुन्छ। बुद्धिको विशेष कार्य निर्णय र स्मृति हो। शुद्ध (सात्विक) अवस्थामा यसमा धर्म, ज्ञान, वैराग्य र ऐश्वर्य जस्ता गुणहरू हुन्छन्। तर जब महत तामसद्वारा विकृत हुन्छ, त्यसमा अधर्म, अज्ञानता, अवैराग्य, अनैश्वर्य जस्ता विपरीत गुणहरू देखा पर्दछन्। महत पुरुष वा आत्माभन्दा भिन्न तर सबै भन्दा नजीक हुन्छ र यो सबै बौद्धिक प्रक्रियाहरूको आधार हो।

अहंकार प्रकृतिको दोस्रो उपज हो, जुन प्रत्यक्ष रूपमा महतबाट उत्पन्न हुन्छ। 'म' वा 'मेरो' भन्ने आत्मबोध हुनु नै अहंकार हो। यसै कारण पुरुषले आफूलाई इच्छा र प्रयास गर्ने प्राणी, र विशेषताहरूको वाहकको रूपमा हेर्छ। तीन गुण मध्ये एक वा अर्कोको प्रधानता अनुसार अहंकार तीन प्रकार हुन्छन्। सत्त्वको प्राबल्य हुँदा त्यसलाई वैकारिक वा सात्विक, रजसको प्राबल्य हुँदा तेजस वा रजस र तमसको प्राबल्य हुँदा भूतादि वा तमस भनिन्छ। सात्विक अहंकारबाट फेरी पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र मन (मानस) उत्पन्न हुन्छन्। पाँच सूक्ष्म तत्त्वहरू (तनमात्राहरू) तमस अहंकारबाट उत्पन्न हुन्छन्। रजस अहंकारले भने जब सत्व र तमस तिनका उत्पादनमा रूपान्तरण हुन्छन तब आवश्यक पर्ने ऊर्जाको आपूर्ति गर्दछ।

ज्ञानेन्द्रियहरू र कर्मेन्द्रियहरू बाह्य साधनहरू हुन् भने मन, अहंकार र बुद्धि आन्तरिक प्रक्रियाहरू हुन्। पाँच ज्ञानेन्द्रियहरू छाला, नाक, आँखा, कान र जिब्रोले गर्ने अनुभूति हुन्। कर्मेन्द्रियहरू मुख, कान, खुट्टा, उत्सर्जन अंग र प्रजनन अंगहरूद्वारा हुने क्रियाकलाप हुन्। ध्वनि, स्पर्श, रूप, रस वा स्वाद र गन्ध पाँच तन्मात्राहरू हुन्। सांख्य दर्शनका अनुसार पाँच महाभूत वा भौतिक तत्त्वहरूमध्ये आकाश/ईथर तत्त्व ध्वनि तन्मात्राबाट उत्पन्न हुन्छ। ध्वनि र स्पर्श तन्मात्राको मिश्रणबाट वायु तत्त्वको निर्माण हुन्छ। ध्वनि र स्पर्श तनमात्रासँग रंग तन्मात्राको थप मिश्रणले अग्नि तत्त्वको निर्माण हुन्छ। अघिल्लो तन्मात्राहरूमा रस वा स्वाद तन्मात्रा थप्दा जल को निर्माण हुन्छ। ध्वनी, स्पर्श, रंग र स्वादमा गन्ध तन्मात्रा जोडिएमा पृथ्वी तत्त्वको उत्पत्ति हुन्छ।

यस ब्रह्माण्डका हरेक वस्तु यिनै पाँच तत्त्व र पाँच सूक्ष्म तत्त्वहरूमध्ये एक वा बढी मिलेर बन्ने भनि सांख्य दर्शनले बताएको छ। जीवहरूको भौतिक शरीर समेत यिनै तत्त्व मिलेर बन्ने भए तापनि हामीमा भने अनुभूति, क्रियाकलाप तथा विचार गर्ने ज्ञानेन्द्रियहरू, कर्मेन्द्रियहरू, मन, अहंकार, महत (बुद्धि) पनि हुन्छ। यी प्रकृतिका उपज बाहेक हरेक प्राणीमा पुरुष वा अनन्त चेतना वा आत्माको पनि बास हुन्छ। पुरुष, प्रकृति, र यिनको अन्तरक्रियाले बनेका महत, अहंकार, मन, ५ ज्ञानेन्द्रियहरू, ५ कर्मेन्द्रियहरू ५ तनमात्राहरू, ५ तत्त्व गरी कुल २५ संख्या हुने र यिनैको आधारमा संसारको सृष्टि र सञ्चलान हुने भएकोले यो संख्यालाई निकै महत्त्पूर्ण मानिन्छ र यसै कारण पनि यस दर्शनको नाम सांख्य दर्शन रहेको मान्यता छ।

यसरी संसारका हरेक वस्तु र जीव कसरी बने भन्ने व्याख्या गरेको सांख्य दर्शनले अन्य निकै विषयहरूमा समेत चर्चा गरेको छ। दुवै भौतिक र अध्यात्मिक संसारलाई वर्णन गरेको यस दर्शनले अन्य हिन्दु दर्शनले भैँ मुक्तिलाई नै प्रधानता दिएको छ। मुक्ति प्राप्तिका लागि हरेकले आफू आफ्नो शरीर नभई एक अनन्त चेतना मात्र हो र यस शरीरका कारण उत्पन्न हुने लोभ, रिस आदि भावनाहरू, हरेक प्रकारका दुःख/सुख, ज्ञान/अज्ञान, माया, मोह, अहंकार सबै त्याग्न पर्ने मानिन्छ। जब आफ्नो वास्तविकताको बारेमा सचेत रही आफूलाई भौतिक दुनियाँभन्दा अलग हूँ भनि पहिचान गर्नसक्छ तब उसले मुक्ति प्राप्त गर्दछ।

कर्मको फलअनुसार नै हरेक प्राणीले निरन्तर मृत्युपछि नयाँ जीवन लिनुपर्ने प्रणाली अनुसार यो संसार चलेको उनीहरूको दावी छ। यहि कारण उनीहरूले ईश्वर हुनु वा नहुनुकोबारे बहस गर्नु महत्त्वपूर्ण नहुने मान्छ। किनभने न त संसार बन्नको लागि ईश्वरलाई जरुरी मान्दछन् न त सञ्चलानको लागि नै। बदलिरहने संसारको सिर्जनाकर्ता कहिले नबदलिने स्थिर ईश्वर हुन्छ भन्ने पनि उनीहरू मान्दैनन्। रचनाकार नहुने मान्यता भए पनि कुनै किसिमको अलौकिक चेताना हुँदैनन् भन्ने दावी भने सांख्य दर्शनको छैन। उनीहरू वेद, उपनीसद र अन्य हिन्दु ग्रन्थहरूको ज्ञानलाई पनि स्वीकार गर्दछन्।

# तीतेपातीको धुवाँ र तापबाट उपचार

*अनेकौं किसिमका स्वास्थ्य समस्याबाट छुटकारा पाउने विभिन्न उपचार विधिहरूमध्ये 'मोक्सिबुसन थेरापी' पनि एक प्रभावकारी विधि हो। मोक्सिबुसन शरीरको बाहिरी भागमा गरिने एक किसिमको उपचार विधि हो।*

*यो विधिबाट उपचार गर्नका निम्ति विशेष किसिको तितेपातीको पातलाई सुकाएर भुलो बनाइन्छ। उक्त भुलोलाई 'कोन' वा 'निडल' मा राखेर या त्यत्तिकै जलाइन्छ। यसरी जलाउँदा पैदा हुने तापको माध्यमबाट सेक्दै उपचार गर्ने पद्धति नै मोक्सिबुसन उपचार विधि हो।*

*मोक्सिबुसन उपचार विधि ट्रेडिसनल चाइनिज मेडिसिन (टीसीएम) उपचार प्रणाली/सिद्धान्तमा आधारित छ। यो विधिमा सामान्यतः जलेको 'मोक्सा' को माध्यमबाट 'एक्युप्वाइन्टहरू' लाई तताउने काम हुन्छ। मोक्सिबुसनले शरीरको 'मेरिडियन प्वाइन्ट' मा 'कई छी' रगतलाई नियमित गराउँदछ।*

विभिन्न स्वास्थ्य समस्याको रोकथाम र उपचारका निम्ति पाँच हजार वर्षभन्दा अघिदेखि नै मोक्सिबुसन विधि प्रयोग हुँदै आएको पाइन्छ।

अझ त्यसभन्दा अघिदेखि नै यो विधि अपनाउन थालिएको हुन सक्ने तर्कलाई समेत नकार्न मिल्दैन। अध्ययनअनुसार लिखित प्रमाणका रूपमा भने ईशापूर्व ५८१ तिर ('चुओ चहुआन' कालतिर) चीनमा यो विधिबाट उपचार गरिएको दस्तावेज फेला परेको छ। मोक्सिबुसन पनि एक किसिमको 'थेराप्युटिक उपचार विधि' नै हो। यो विधिमा 'मगवर्ट' अर्थात् तितेपातीका पातहरूलाई जलाएर उपचार गरिन्छ। यो विधिमा मूलतः तितेपातीका पातको पछाडिको भागमा अवस्थित 'फाइबर' तत्वलाई प्रयोग गरिन्छ। यो विधिमा प्रयोग गर्नका लागि तितेपाती प्रशोधित भइसक्न करिब तीन वर्ष लाग्छ।

मोक्सिबुसन विधिलाई चिनियाँ भाषामा 'आइच्युउ' भनिन्छ। यो विधिमा एकदमै सानो तथा 'स्पन्जी' खालको जडीबुटी प्रयोग हुन्छ। यो वनस्पति/जडीबुटीको प्रयोग गरी एक्युपङ्चर गर्दा स्वास्थ्य समस्या चाँडै नै समाधान हुने विश्वास गरिन्छ।

यो विधिबाट उपचार गर्ने क्रममा शरीर (छाला) को सतह नजिकै राप दिन तितेपातीको पातबाट बनेको भुलोलाई एक प्रकारको कोन प्रयोग गरी जलाइन्छ। मोक्सिबुसन प्रयोगको मुख्य उद्देश्य भनेकै शरीरलाई सन्तुलित राख्नु हो। यो चिनिया विधिअनुसार शरीर मजबुत तथा सन्तुलित राख्ने कार्यलाई 'इन र याङ्' भनिन्छ। यसरी उपचार गर्दा 'छी' वा ऊर्जाको प्रवाह 'स्टिमुलेट' भई स्वस्थ्य रहन मद्धत मिल्छ।

चिनियाँ प्राकृतिक चिकित्सा विधिअनुसार 'छी' को नियमित प्रवाहले पाचन प्रणाली तथा प्रक्रियासम्बन्धी समस्या समाधानमा सहयोग पुग्छ। यो उपचारबाट शरीरको दुखाइ, हाडजोर्नीको समस्या, बाथ, ढाड तथा कम्मरको दुखाइ कम गर्न सकिन्छ। यसले कम्मरको लचकता सहज तुल्याउन र मेरुदण्ड मजबुत बनाउन पनि सहयोग पुऱ्याउँछ। यसबाट समग्रतामा शरीर नै मजबुत हुने विश्वास गरिन्छ।

***यसरी गर्ने : के-के छन् फाइदा ?***

*मोक्सिबुसन थेरापी कसरी गरिन्छ त ? अनि यसका प्रक्रिया के-कस्ता छन् त ? अब यसबारे चर्चा गरौं।*

*मोक्सिबुसन विधि अपनाउनका लागि सबैभन्दा पहिले त तितेपाती तयार गर्नुपर्छ। सर्वप्रथम तितेपाती सङ्कलन गरी त्यसको पात सुकाएर तयार पार्नुपर्छ। त्यसपछि विभिन्न प्रशोधन विधि अपनाएर तितेपातीको फाइबर निकाली भुलो बनाइन्छ। तितेपातीको पातलाई पिसेर मोक्सा (भुलो) उत्पादन गर्नुपर्छ। सामान्यतः मोक्सिबुसन प्रक्रियाको आधारभूत सामग्री भनेकै यही हो।*

*मोक्सामा ६० भन्दा धेरै किसिमका तत्त्वहरू उपलब्ध हुने तथ्य पत्ता लागेको छ। यसमा 'ट्यानिन्स',*



स्वास्थ्य-प्रविधि
डा. डीबी सुनुवार

'फ्लेभोनोइड्स', 'स्टेरोल', 'पोलिस्याकाराइड्स', 'ट्रेस' लगायतका तत्त्व हुन्छन्। मोक्सा जलाउँदा बन्ने खरानीको एक्स्ट्राक्टमा समेत 'एन्टी फ्री रेडिकल' को निकै मात्रा प्राप्त हुन्छ। मोक्साको धुवाँलाई समेत हावा डिसइन्फेक्सनर, एन्टिभाइरल र एन्टिफङ्गलका रूपमा प्रयोग गर्न सकिन्छ।

विभिन्न कारण शरीरमा लाग्ने घाउ-चोटको सङ्क्रमण र यौनजन्य समस्या समाधानका लागि मोक्सिबुसन विधि प्रभावकारी हुन्छ। पायल्स, फिस्टुला, फिसरजस्ता स्वास्थ्य समस्याबाट उन्मुक्तिका निम्ति पनि यो विधि निकै प्रभावकारी छ।

मोक्सा विधि अपनाएर स्वास-प्रश्वासको समस्या समेत कम गर्न सकिन्छ। यो विधिले रजस्वलाको समयमा दुखाइ कम गर्न पनि मद्धत पुऱ्याउँछ। टाउको दुख्ने र माइग्रेनजस्ता समस्याबाट छुटकारा पाउन समेत यो विधि निकै लाभदायक छ। अध्ययनअनुसार मिर्गौलाको दीर्घकालीन रोगका निम्ति पनि मोक्सिबुसन थेरापी राम्रो उपचार विधि हो।

**परम्परागत मोक्सिबुसन सिद्धान्त**

*लिङ सु क्थान नेङका अनुसार जहाँ सुई (भ्याक्सिन) ले काम गर्दैन, त्यहाँ समेत मोक्सिबुसनले काम गर्दछ। मोक्सिबुसनमा टोनिफिकेसन र शुद्धीकरणको दोहोरो प्रभाव हुन्छ टीसीएम सिद्धान्तको मान्यता छ। मोक्सिबुसन विधिमा प्रयोग गरिने सामग्री र आगोको प्रयोगले न्यानोपन र पोषणमा बढावा दिएर निडल र आधुनिक औषधिहरूभन्दा फरक किसिमले स्वास्थ्य समस्याहरूबाट बचाउने विश्वास गरिन्छ।*


*चिसोबाट छुटकारा पाउन यो विधि निकै लाभदायक छ। मोक्सिबुसनमा टोनिफिकेसन र शुद्धीकरणको दोहोरो प्रभाव दुई पक्षहरूमा आधारित छन्। मोक्सिबुसन संयन्त्रका आधुनिक अनुसन्धान कार्यहरू मुख्यतया थर्मल प्रभावहरू, विकिरण प्रभावहरू तथा मोक्सा बल्दा उत्पन्न हुने औषधीय कार्यहरूसँग सम्बन्धित छन्। मोक्सिबुसन गर्दा पैदा हुने थर्मल स्टिमुलेसनले छालाका टिस्युहरूमा गहिरो लाभदायी प्रभाव पार्दछ।*

**मोक्सिबुसनको भूमिका**

*मोक्सिबुसनको भूमिकालाई 'वार्म न्युरिसिङ', 'वार्म ड्रेडिङ' र 'वार्म मेल्टिङ' गरी तीन भागमा विभाजित गर्न सकिन्छ। वार्म न्युरिसिङ : वार्म न्युरिसिङ पदावलीले टोनिफाइ गर्ने,*

क्रमशः अन्तिम पृष्ठमा

# रूस-युक्रेन युद्ध र व्याख्यात्मक घोषणाबाट स्पष्ट नेपालको नियति



विचार-दृष्टिकोण

नीमकान्त पाण्डे

रुस-युक्रेन युद्ध जारी छ। यस्लाई उत्तेजित बनाउन अमेरिका र युरोपियन मुलुकहरू जोड तोडका साथ लागिरहेका छन्। युक्रेन भन्ने देश ३० वर्ष अघिमात्र जन्मिएको देश हो। यो देश कसरी जन्मियो भन्ने कुराले अहिलेको युद्धको अवस्थालाई बुझ्न सहयोग पुग्ने छ। त्यसैले यो देश कसरी जन्म्यो भन्नेबारे यहाँ चर्चा गर्न आवश्यक महशुस गरेको छु।

धेरै लामो गन्थन नगरेर भन्नु पर्दा हालको रुसको बृहत आकार ( सोभियतसंघ)। सोभियतसंघको विघटन र नेटो सैन्य संगठनको विघटनलाई मुख्य शर्त बनाएर सन् १९९१ मा अमेरिका र सोभियतसंघ बीच भएको सन्धिझको परिणाम थियो युक्रेन भन्ने देशको जन्म। सोभियतसंघ त विघटन भयो तर नेटो नामको अमेरिकी सैन्य संगठनको विस्तार रोकिएन। बरु नेटोलाई विस्तार गर्दै सोभियतसंघ विघटनपछि जनमिएका युक्रेन लगायतका देशहरूलाई पनि आबद्ध गराउने अभियानलाई अमेरिकाले निरन्तरता दिँदै आयो। तत्कालीन सोभियतसंघले नै शक्तिशाली प्रान्तका रूपमा विकसित गराएको युक्रेनमाथि नेटोको विशेष दबाव हुन थालेपछि सोभियतसंघले नै विकसित गरेको सैन्य हैसियत र सामरिक महत्वको आफैंले जन्माएको यो देशमा नेटोको आगमनको सम्भावना बढेर गएको अवस्थाले रुसलाई झस्काउनु स्वाभाविक थियो। रूस, बेलारुस, पोल्याड, सोल्भाकिया, हंगेरी, ब्लाक सी र अजोव सीले घेरिएर रहेको युक्रेनको ठूलो छिमेकी मुलुक रूस नै हो। जसले युक्रेनलाई आकर्षक र शक्तिशाली बनाएको हो। अहिले यही युक्रेनलाई रुसले ध्वस्त बनाएर उस्को सैन्य उन्मादलाई तह लगाउन आवश्यक महशुस गरेको छ। तर यही कारणबाट यो द्वन्दले तेस्रो विश्वयुद्धको रूप लिने त हैन भन्ने आशंकाले विश्वका सचेत नागरिकमा ठूलो चिन्ता र चासो बढाइरहेको छ।

सन् १९९१ मा शोभियतसंघबाट स्वतन्त्र हुने बित्तिकै युरोपियन युनियनको सदस्यता बनाउन र नेटोको सदस्य बनाउन अमेरिका र युरोपियन मुलुकका सरकारहरू लागिपरेका छन्। नेटो एउटा सैनिक र आर्थिक गठबन्ध हो। यसमा खासगरी अमेरिका, क्यानाडा बेलायत, जर्मनी, फ्रान्स लगायतका देशहरू सदस्य रहेका छन्। ती सबै देशसँग रुसको आशंका हुनु स्वाभाविक नै हुने भयो। ती देशहरूलाई आफ्नो नजिक ल्याएर रुसले खतरा मोल्न चाहँदैन। हाल करिव १६०० किलोमिटरको दुरीमा रहेको नेटो गठबन्धनमा युक्रेन सामिल भएमा यो दुरी ६४० किलोमिटर मात्र हुनेछ। सोभियतसंघको विघटनमा युरोपियन युनियन र नेटो गठबन्धनको महत्वपूर्ण हात रहेको कारणबाट पनि रुसले युक्रेनलाई बाहिर उम्कन दिन नहुने ठान्दछ। लेनिनको भनाई अनुसार युक्रेन र रुस शरीर र टाउको हुन्। रुसको पञ्जाबाट युक्रेन बाहिर जानु भनेको शरीरबाट टाउको अलग हुनु हो। झ सन् १९१४ सम्म युक्रेनमा रहेको क्रिमिया हाल रुसमा सामेल भएको छ। युक्रेनसँग ११ लाख सैनिक छन् भने रुससँग २९ लाख सैनिक छन्। रुससँग १ हजार ५ सय ११ वटा ठूला लडाकु जेट फ़ाईटर छन् भने युक्रेनसँग ९८ वटा छन्, युक्रेनसँग अन्य बम वर्षक विमान ३४ छन् भने रुससँग ५ सय ४४ छन्। सानो शक्ति भएको युक्रेनले आफ्नो नजिकको ठूलो शक्ति भएको छिमेकीलाई भन्दा धेरै दुरीमा रहेको अमेरिकाको निकटता बन्ने चाहना नै रुसको लागि असुरक्षाको महशुस हुने कारण बन्न पुग्यो र युक्रेनको बिनासलिला पनि यही कारणबाट सुरु भयो। नेपालको अवस्था युक्रेनकै जस्तो बनेको छ एमसीसी सम्झौताका कारणबाट।

रुसले युक्रेनको आफ्नो सिमाना र ब्लाक सीमा आफ्ना सैनिकहरू तैनाथ गर्नुका साथै हजारौं बमवर्षक विमानले युक्रेनका मुख्य शहर किभ र अन्य शहरहरूमा बम विष्फोटन गराएर जनमानसमा आतंक सृजना गराएको छ।

हालसम्म युक्रेनमा १२/१५ हजार जति सैनिक हताहत भई सकेका छन्। युक्रेनको ठूलो आणविक भट्टी पूरै जलेर नष्ट भएको छ। युरोपियन मलुक लगायत नेटोमा आबद्ध देशहरू र संयुक्त राष्ट्रसंघसँग युक्रेनले गुहार मागिरहेको छ, उनीहरू पनि पर्ख र हेरको स्थितिमा रहेका छन्। उता रुसका राष्ट्रपति ब्लादिमिर पुटिनले युक्रेनलाई सहयोग गर्ने देशलाई पनि रुसको शत्रुराष्ट्रको रूपमा व्यवहार गरिनेछ भनेर चेतावनी दिइरहेका छन्। युद्धलाई भड्काउन अमेरिकी सेना प्रमुखले हालै मात्र गोप्य रूपमा युक्रेनको भ्रमण गरेर युक्रेनको सेनालाई सहयोगको आश्वासन दिएको खबर बाहिरिएपछि पुटिन थप आक्रोशित बनेका छन्। अमेरिकाले युक्रेनलाई नेटोको सदस्य नबनाउने प्रतिबद्धता र युक्रेनले पनि नेटोको सदस्य नबन्ने प्रतिबद्धता व्यक्त गर्ने हो भने युद्धको खतरा समाप्त भैहाल्ने अवस्था छ। तर अमेरिकी शासकहरूको शक्ति उन्मादले विश्व युद्धको खतरालाई निम्त्याइरहेको छ।

संयुक्त राष्टसंघको सुरक्षा परिषदको बैठक बसी रुसलाई एकतर्फी रूपमा युद्ध रोक्न आग्रह गरियो। तर पनि रुसले युद्ध रोक्ने कुनै लक्षण देखाएको छैन। बरु अमेरिका युक्रेनलाई सहयोग गर्न आएको खण्डमा चीन र उत्तरकोरियाले कुनै पनि समय रुसलाई साथ दिने सम्भावना रहेको देखिन्छ। जेलेन्स्किलाई आत्मसमर्पण गराउने वा युक्रेनमा नयाँ सरकार निर्माणको आधार तयार गरेर रुसविरुद्ध नेटोका गतिविधिलाई निस्तेज गर्ने चाहना नै पुटिनको रहेको बुझिन्छ। तर अमेरिकाले सहमतिको संकेत गरेको छैन।

रुस-युक्रेन युद्धबाट नेपाल जस्तो तीन तिरबाट भारतले र एकातिर चीनले घेरेर रहेको भुपरिवेष्ठित मुलुकले शिक्षा लिनु जरुरी छ। दुई ठूला मुलुक जसकाबीच कैयौं ठाउँमा सिमा विवादहरू रहेका छन्, दुवै देशहरू फरक आस्था, दर्शन, विचार र मान्यता लिएर अगाडि बढिरहेका छन्। यी दुवैबीच कुनै पनि बेला युद्ध हुनसक्ने प्रशस्त सम्भावना रहेका छन्। छिमेकी देश भारत अमेरिकी आईपिसको सदस्य भइसकेको छ भने नेपालले उत्तरको छिमेकीको बीआरआईमा हस्ताक्षर गरेको छ। बीआरआईमा दक्षिणको छिमेकी भारत संलग्न छैन। आईपीएसको अंगका रूपमा बुझिएको एमसीसीलाई हालैमात्र नेपालको संसदले अमेरिकाको व्यापक दबावका बीच नाटकीय ढंगबाट बाध्यतावस अनुमोदन गरेको छ। अनुमोदन गर्दा प्रतिनिधिसभामा प्रस्तुत गरिएको १२ बुँदे व्याख्यात्मक घोषणाले नै एमसीसी

क्रमशः पाँचौं पृष्ठमा

# संसदीय व्यवस्थाबारे विप्लव नेतृत्वको नेकपाको निष्कर्ष के ?

स्थानीय तहको निर्वाचनको मिति तय भएसँगै विगतमा भूमिगत राजनीति सञ्चालन गर्दै आएको नेत्रविक्रम चन्द्र 'विप्लव' नेतृत्त्वको नेकपाले संसदीय निर्वाचनबारे दस्तावेजीकरण गरेका आफ्ना धारणा हामीले यहाँ प्रस्तुत गरेका हौं-

**संसदीय निर्वाचनलाई हेर्ने क्रान्तिकारी दृष्टिकोणबारे विप्लवको दस्तावेज**

'सिद्धान्ततः मात्र होइन व्यवहारतः पनि संसदीय व्यवस्था दलाल पुँजीपति वर्गको हित रक्षा गर्ने प्रतिक्रियावादी व्यवस्था हो। यो व्यवस्था रहेसम्म श्रमिक जनता र राष्ट्रले मुक्ति र स्वाधीनता प्राप्त गर्न सम्भव छैन। बरु अनेकौं राष्ट्रघात र जनघातका घटनाहरू भोग्न अनिवार्य छ। संसदीय व्यवस्थाभित्र आफ्नो शक्तिको सुदृढीकरण गर्न साथै जनतालाई संसदीय व्यवस्थाबाट संसदीय व्यवस्थामा घुमाउन हरेक चार या पाँच वर्षमा चुनावको आयोजना गरिन्छ अर्थात पुँजीपति वर्गले चुनावलाई संसदीय व्यवस्थाको रक्षा गर्ने रणनीतिमा प्रयोग गर्दै आएको छ। यो व्यवस्थाभित्र जुनसुकै रूप र स्तरका चुनाव भए पनि ती संसदीय व्यवस्थाको सुधार र बचाउका लागि प्रयोग गरिने प्रणालीहरू हुन्। यसर्थ चुनावबाट मात्र संसदीय व्यवस्थालाई जनताको व्यवस्था अर्थात वैज्ञानिक समाजवादमा परिवर्तन गर्न सम्भव भएन र छैन।

नेपालमा संसदीय व्यवस्था चालीस वर्षदेखि असफल बन्दै आएको छ। जनताले निरन्तर यसका विरुद्ध संघर्ष र विद्रोह गरिरहेका छन्। पछिल्लो एक वर्षदेखि यो अनेकौं संकटबाट गुज्रिरहेको छ तथापि अहिले उसको स्थानीय चुनावको समय आएको छ र यसलाई थोरै भए पनि आफ्नो संकट छल्ने साधन बनाउन जुटेको छ।

पार्टी एकीकृत जनक्रान्तिमा निरन्तर बढिरहँदा हाम्रो मोर्चासामु संसदीय व्यवस्थाको स्थानीय चुनाव आइपुगेको छ। यसलाई कस्तो कार्यनीति बनाएर लडियो भने तत्कालिक रूपले वैज्ञानिक समाजवाद प्राप्त गर्ने हाम्रो रणनीतिलाई फाइदा पुग्छ ? हामीले सही निष्कर्ष निकाल्ने विषय बनेको छ। निश्चय पनि हाम्रो पार्टीसँग नेपाली कम्युनिस्ट आन्दोलनका चुनाव बहिष्कार र उपयोगका दुवै अनुभवहरू छन्। कुनै बेला भन्ने बहिष्कार, गर्ने उपयोगका अनौठा प्रयोग पनि छन्। केही संसदवादी कम्युनिस्टहरूले चुनावलाई निरपेक्ष रूपले उपयोगको नीति बनाएर भाग लिँदै गएका छन्। उनीहरूलाई चुनावको कुनै समस्या नै भएन। केही कम्युनिस्टहरूले बहिष्कार भने पनि उपयोग भने पनि केवल कार्यनीतिक प्रयोगमा मात्र सीमित छ। त्यसको ठोस रणनीतिक उद्देश्यसँग जोडिएको छैन। त्यसले गर्दा उनीहरूलाई पनि खासै चिन्ता र समस्या भएन। एउटा गर्नु पर्दथ्यो, गरे। तर हाम्रो जस्तो पार्टी जो निरन्तर क्रान्तिमा बढिरहेको छ। जोसँग आफ्नो रणनीतिअनुरूप जीवन्त कार्यनीतिहरू बनाउनुपर्ने जिम्मेवारी छ, जसले कार्यनीतिक गल्ती गर्दा क्रान्तिको रणनीतिक उद्देश्यमा घातक प्रभाव पार्ने अवस्था छ। यसले चुनावबारे बनाउने कार्यनीति अन्तको भन्दा गुणात्मक रूपले फरक र संवेदनशील छ। वर्गसंघर्ष र राजनीतिक संघर्षका अनेक पक्ष, राष्ट्रिय संघर्ष र अन्तर्राष्ट्रिय पाटापक्षसँग सम्बन्ध राख्ने यो कार्यनीतिलाई ठोस गर्दा, बहिष्कार वा प्रयोग जे-गर्दा पनि गम्भीर प्रकारले विश्लेषण गर्न र निष्कर्ष निकाल्न जरुरी छ।

हामीले कार्यनीति ठोस गर्दा जहिले पनि देश, श्रमिक जनता, मित्रशक्ति र पार्टीपङ्क्तिको अवस्थालाई केन्द्रभागमा राखेर गर्नुपर्छ। कस्तो कार्यनीतिले देशको हितमा नागरिकहरूलाई ध्रुवीकृत गर्न मद्दत गर्छ, जनता र पार्टीको सम्बन्धलाई मजबुत बनाउँछ, जनतालाई एकताबद्ध र सक्रिय बनाउँछ, पार्टीपङ्क्तिलाई जनतामा पुग्न सहज तुल्याउँछ र क्रान्तिलाई अगाडि बढाउन मद्दत गर्छ भन्ने पक्षहरूलाई ध्यान दिएर बनाउनुपर्छ। यसरी विचार गर्दा पार्टीलाई दर्ता गरेर चुनाव उपयोगमा

क्रमशः पाँचौं पृष्ठमा



# स्थानीय निर्वाचनबाट आफ्नो दल पहिलो बन्ने पुनको दावी



**काठमाडौं ।** आगामी वैशाख २१ हुन गइरहेको निर्वाचनमा आफ्नो दलको उल्लेख प्रगति हुने नेकपा (माओवादी केन्द्र)का केन्द्रीय कार्यालय इन्चार्ज एवं पूर्वमन्त्री वर्षा पुनले बताएका छन् । आगामी स्थानीय तहको निर्वाचनमा अघिल्लो निर्वाचन विसं २०७४ को स्थानीय तहको निर्वाचनमा झण्डै एक हजार तीनसय वडा र एकसय १६ पालिकामा जीत हासिल गरेको माओवादी केन्द्रले यस पटक भनै प्रगति गर्ने पुनको दावी रहेको छ ।

दुई-दुई पटक प्रतिनिधिसभाको विघटन गर्ने, संविधानको मूलमर्म र भावनामा प्रहार गर्ने एमालेसँग जनताको घरदैलोमा जाने एजेन्डा नभएपछि अन्य राजनीतिक दलको तेजोबोधन गर्न लागिपरेको नेता पुनले बताए । अन्य पार्टीले जितेका भन्दा माओवादीले नेतृत्व गरेका पालिकाको पाँच वर्षे कार्यसम्पादन अब्बल रहेको, बेरुजु कम भएको, विकास निर्माणको काम प्रभावकारी भएको तथा अन्य सूचक समेत राम्रो भएको जनाउँदै उनले त्यही कुरा लिएर जनतामा जानुपर्नेमा नेता पुनको जोड थियो ।

निर्वाचनमा वाम पार्टीमध्ये आफूहरू सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित हुने नेता पुनको भनाइ थियो । प्रेस सेन्टर नेपाल उपत्यका प्रदेश समितिद्वारा ललितपुरमा आयोजित कार्यक्रममा नेता पुनले भने- 'हामी आफ्नै तागतमा निश्वास गर्छौं । विगतको भन्दा राम्रो नतिजा हामी निकाल्छौं ।'

आफूहरू गठबन्धनको विरोधी नभए पनि कमजोर स्थानमा मात्रै गठबन्धन हुने र सबै स्थानमा भने नहुने नेता पुनको धारणा थियो । अन्य दलको तुलनामा माओवादी कमजोर नभएको तथा जनताको विश्वास समेत कायम भएकाले त्यसैमा भर पर्नुपर्ने उनको भनाइ थियो ।

अग्रगामी एजेण्डा, विचार, राजनीतिलगायतका कारणले पनि अन्य दलभन्दा माओवादी अब्बल रहेको स्पष्ट गर्दै आफ्नै बलबूतामा आफूहरूले श्रेष्ठता हासिल गर्ने बताए ।

यस्तै अर्को प्रसंगमा पूर्व अर्थमन्त्री समेत रहेका पुनले कोरोनाका कारण संसारभरकै अर्थतन्त्रमा समस्या देखिएको र त्यस असर नेपालमा समेत परेको बताए । हाल अर्थतन्त्रमा देखा परेको समस्या समाधानका लागि अर्थमन्त्रालयले पहल गरिरहे चर्चा गर्दै उनले त्यसको सम्पूर्ण दोष जति अर्थमन्त्री र अर्थमन्त्रालयलाई दिएर कोही पनि उम्कन नमिल्ने बताए ।

## आकस्मिक अवतरणपछि कोलम्बियामा २१ हजार यात्रु प्रभावित, १३६ उडान रद्द

**काठमाडौं ।** कोलम्बियामा मेडेलिन शहर नजिकैको प्रमुख विमानस्थलमा व्यावसायिक विमानको आपतकालीन अवतरणपछि २१ हजारभन्दा बढी यात्रु प्रभावित भएको र एकसय ३६ उडान रद्द गरिएको नागरिक उड्डयन निर्देशक जायर ओर्लान्डोले बताएका छन् ।

लाटम एयरलाइन्स एयरबस ए ३२०-२०० को अगाडिको ल्यान्डिङ गियर मंगलबार दिउँसो टेकअफको केही समयपछि खस्दा विमानलाई रियोनेग्रो शहरको जोसे मारिया कोर्डोभा अन्तर्राष्ट्रिय विमानस्थलमा आपतकालीन अवतरणको लागि फिर्ता गर्न बाध्य पारेको थियो । आकस्मिक अवतरणका क्रममा कुनै पनि चोटपटक र क्षति भने नभएको बताइएको छ ।

फाजार्डोले जनाएअनुसार रियोनेग्रो जाने उडान १२ घण्टाभन्दा बढी समयका लागि रद्द गरिएको थियो जसले गर्दा अन्य एयरपोर्टमा विशेष गरी बोगोटाको एल डोराडो अन्तरराष्ट्रिय विमानस्थलमा ढिलाइ र रद्द गरिएको थियो ।

'अहिले विमानस्थल सामान्य अवस्थामा सञ्चालनमा रहेको छ भने 'रद्द भएका १३६ उडान र यसबाट प्रभावित २१ हजार दुईसय ४५ यात्रुको यात्रा सञ्चालनको कारममा छ । फजार्दोका अनुसार आपतकालीन कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ ।

# दुर्घटनाग्रस्त चिनियाँ विमानका भग्नावशेष हजारौं टुक्रामा फेला



**सिन्ह्वा ।** चीनको नागरिक उड्डयन प्रशासनको उड्ययन सुरक्षा कार्यालयले दक्षिण चीनको गुआङ्सी जुआङ स्वायत्त क्षेत्रमा दुर्घटनाग्रस्त भएको चाइना इस्टर्न एयरलाइन्सको विमानको बुधबारसम्म भग्नावशेष फेला पारिएको उल्लेख गरेको छ ।

चीनको नागरिक उड्डयन प्रशासनको उड्डयन सुरक्षा कार्यालयले बिहीबार पत्रकार सम्मेलन गर्दै दुर्घटनाग्रस्त विमानको ४० हजारभन्दा बढी टुक्रा फेला पारिएको जानकारी दिए ।

कार्यालयका प्रमुख झु ताओले भेट्टिएका भग्नावशेषका अधिकांश टुक्रा क्रमबद्ध र थप परीक्षणका लागि भण्डारण स्थलमा सारिएको बताए । करिब एक करोड वर्ग मिटर वरिपरि खोजिकार्य जारी राखिएको थियो ।

खोज तथा उद्धारमा दुईसय १६ दमकल र १६ वटा ड्रोनलगायतका उपकरण प्रयोग गरिएको थियो । कुनमिडबाट ग्वाङ्झाउका लागि उडेको बोइङ ७३७ विमान दिउँसो २:३८ बजे गुआङ्सीको टेङ्सिआन काउन्टीको पहाडी क्षेत्रमा दुर्घटनाग्रस्त हुँदा मार्च २१ मा १२३ यात्रु र नौ चालक दलका सदस्यसहित जहाजमा रहेका सबै १३२ जनाको निधन भएको थियो ।

## गठबन्धनबीचको तालमेलमै निर्वाचनमा जाने प्रचण्डको भनाइ

**काठमाडौं ।** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आगामी तीनै तहको निर्वाचनमा सत्ता साझेदार दलहरूबीच गठबन्धन कायम रहने धारणा व्यक्त गरेका छन् । संविधान, लोकतन्त्र र राष्ट्रियताको रक्षाका लागि गठबन्धन बनेको भन्दै अध्यक्ष प्रचण्डले भने 'कांग्रेसले पनि गठबन्धन कायम राखेर जाने भन्ने निर्णय गरिसकेको छ, अब कुनै द्विविधा छैन । निर्वाचन शान्तिपूर्ण हुन्छ, निष्पक्ष हुन्छ ।'

रिपोर्टर्स क्लब नेपालको २४औं वार्षिकोत्सव समारोहबीच बोल्दै अध्यक्ष प्रचण्डले जन्माएको गठबन्धन निर्वाचनसम्म कायम रहने पनि बताए । संविधान, गणतन्त्र, समावेशिता आफ्नो एजेण्डा भएकाले माओवादी केन्द्र त्यसको रक्षाका लागि मरिमेटेर लागिपर्ने विश्लेषण गर्दै मुलुकमा संकटको समयमा आफ्नो पार्टीले जहिले पनि महत्वपूर्ण भूमिका खेलेको धारणा व्यक्त गरे ।

देशमा आउने सबै संकट मोचनका लागि आफ्नो दलले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले तर माओवादीको त्यो भूमिकालाई सबैले स्वीकार गर्न नसक्नु देशकै लागि विडम्बना भएको उल्लेख बताए ।

प्रेस तथा पत्रकारिता क्षेत्र संघीय लोकतान्त्रिक प्रक्रियाको एउटा महत्वपूर्ण क्षेत्र भएको चर्चा गर्दै अध्यक्ष प्रचण्डले प्रेसको जसरी र जुन गतिमा विकास भइरहेको छ र स्वतन्त्रताको जुन तहमा उपभोग गरिएको छ त्यो उत्साहजनक भएको समेत उल्लेख गरे ।

देशको अर्थतन्त्रलाई दुर्घटनातर्फ जान नदिन त्यसलाई सम्हालेर लैजाने प्रयास जारी रहेको दावा गरेका उनले अहिले श्रीलङ्का जस्तो स्थितिमा नेपाल नरहे पनि भोलिका अप्ठ्यारा दिन आउन सक्नेतर्फ ध्यान दिँदै समाधानका लागि पहल सुरु भएको पनि बताए ।

## 'स्थानीय तहबाट संविधानका अधिकार जनताको घरदैलोमा'

**ललितपुर ।** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले संविधानमा उल्लेख भएका अधिकारलाई स्थानीय तहले जनताको घरदैलोमा पुऱ्याएर सेवा गर्दै आएको बताइन् । ललितपुर महानगरपालिका-२८ को वडा कार्यालय भवनको उदघाटन गर्दै मन्त्री भुसालले पहिलो पटक अधिकार सम्पन्न भएको जनताको नजिकको वडाले नयाँ अनुभव हासिल गर्दै जनसेवा गरेको आफूले अनुभूत गरेको बताएकी हुन् ।

वडा अध्यक्षले अहोरात्र खटेर वडामा बाटो विस्तार गर्नुका साथै अन्य भौतिक पूर्वाधारको विकास गरेको उल्लेख गर्दै मन्त्री भुसालले अन्य सहरीकरणका काममा पनि वडाले विशेष ध्यान दिएर सम्पन्न गरेको पनि बताइन् । 'कुनै पनि मतभेद नभइकन एकै मनोविज्ञानले वडामा विकासका काम भएका छन्, महिलाका निम्ति सीप, ज्येष्ठ नागरिकका लागि राहत वडाले उपलब्ध गराएको छ' उनले कोभिडको महासंकटमा आफ्नो ठाउँमा आइसोलेशन सेन्टर स्थापना गरेर जनतालाई संक्रमणबाट जोगाउन वडा सफल भएको जनाउँदै पम्फा भुसालले युवाका लागि खेलकूद तथा किसानका लागि राहत र रोजगारी सिर्जना गरेको स्मरण गरिन् ।

हरिसिद्धिको कनिखेलस्थित वडा भवन नै यहाँका वडावासीका लागि सिंहदरबार भएको उल्लेख गर्दै मन्त्री भुसालले संविधानमा उल्लेख भएका अधिकार कार्यान्वयन गर्न वडा सक्रिय भएर लाग्ने विश्वास व्यक्त गरिन् । आगामी दिनमा वडाको आर्थिक तथा सामाजिक विकास गर्नु नै वडाको महत्वपूर्ण काम हुने उनको भनाइ थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य राजकाजी महर्जन र वडाध्यक्ष राजेश महर्जनले आगामी दिनमा जनताको निरन्तर सेवामा लाग्ने वाचा गर्दै आफूहरूले वडाको विकासका लागि निर्वाह गरेको भूमिकाबारे स्पष्ट पारेकी थिइन् ।

## मानवीय विकासका क्षेत्रमा क्रियाशील बन्नुपर्नेमा अध्यक्ष तिमिल्सिनाको जोड

**काठमाडौं ।** राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नागरिकको मानवीय विकासका क्षेत्रमा जनप्रतिनिधि क्रियाशील भएर लाग्नुपर्ने बताएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित 'स्वास्थ्यसम्बन्धी जोखिम सञ्चार तथा सामुदायिक सहभागिता' विषयेक अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै तिमिल्सिनाले नागरिकको सेवा गर्ने उद्देश्यका साथ आएका जनप्रतिनिधिले स्वास्थ्य, शिक्षा, बालमृत्यु, मातृ मृत्युदर घटाउने कार्यमा समाजमा जनचेतना जागृत गराउनुपर्नेमा जोड दिए ।

विश्वमञ्चमा नेपालले कोभिड रोकथाम, नियन्त्रण र खोप कार्यको प्रशंसनीय चर्चा भएको गर्दै वर्तमान अवस्थामा जोखिम अन्त्य भए पनि जनताको स्वास्थ्य सुरक्षाका क्षेत्रमा धेरै कार्य गर्न बाँकी रहेको धारणा व्यक्त गरे । अध्यक्ष तिमिल्सिनाले जनतालाई बिरामी पर्नबाट जोगाउन जनप्रतिधिले आहारविहार, संस्कारमा परिवर्तन गरी जनजागरण अभियान सञ्चालन गर्न आग्रह समेत गरे । उनले विकास र समृद्धि कायम गर्ने चाहना पूरा गर्न दोहरिने जनप्रतिनिधिले प्रतिबद्धता व्यक्त गर्नुपर्ने सुझाव दिँदै पार्टीहरूले क्षमताका आधारमा उम्मेदार छान्नुपर्ने आवश्यकता औंल्याएका थिए ।

कार्यक्रममा प्रदेश नं १ सभामुख प्रदीपकुमार भण्डारी, प्रदेश नं १ का स्वास्थ्यमन्त्री जयराम यादव, विश्वस्वास्थ्य संगठनका नेपाल प्रमुख डा राजेश सम्भाजीराव पाण्डव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा संगीता कौशल मिश्रलगायतले आ-आफ्ना धारणा व्यक्त गरेका थिए ।

# तराईका बस्तीमा लोप हुँदै पिउनेपानीको स्रोत : कुवा

**काठमाडौं ।** पछिल्लो समय हेण्डपम्प गाड्ने क्रम बढ्दै जाँदा तराईमा बस्तीको पिउनेपानीको परम्परागत स्रोत कुवा लोभ हुने अवस्थामा पुगको छ । विगतमा सिंगो गाउँलेले पालो कुरेरै भएपनि साँझ-बिहान कुवाको पानी भर्दै घर फर्कने र नुहाउनेको लर्को लाग्ने गरेको स्थानीयको सम्झनामा मात्रै छ हिजोआज ।

विगत सम्झदै शुक्लाफाँटा-३ जोनापुरका मानबहादुर चौधरीले सुनाए- 'कुवा एका देशको कथा जस्तै भएको छ, गाउँमा रहेका कुवा हेण्डपम्प गाडने कार्य हुन थालेपछि हराउँदै गए, बुढापाकाको कथा कहानी र भनाइमा मात्रै कुवाको चर्चा मात्रै सुन्न पाइने गरेको छ ।' चौधरीले गाउँका जमिन्दारका घरमा मात्रै व्यक्तिगत कुवा हुन्थ्ये । पूरै गाउँका लागि एउटै कुवा हुन्थ्यो । गाउँका सबैले मिलेर वर्षमा एक पटक कुवा सफा गर्दथे ।

कुवामा पानी भर्नेको लर्को लाग्ने भएकाले पालो नआउँदासम्म गाउँका बासिन्दा जमघट हुँदा निकै रमाइलो हुने गर्दथ्यो । सुख दुःखका कुरासँगै गाउँका विकास र सामाजिक कार्यका बारे चर्चा हुने गर्दथ्यो ।

विगतमा स्थानीय बासिन्दाले काठको ढुङ्ग्रो राखेर कुवा बनाउने गर्थे । खोलाको पानी पनि आजभोलिको जस्तो फोहोर र दुषित नभएको बताए । स्थानीय लक्ष्मण डगौराले खानेपानी, लुगा धुन, बस्तु भाउलाई पानी खुवाउन खोलाकै पानी प्रयोग हुने गरेको सम्झिए ।

वैशाख जेठका बेला कुवा सुक्ने भएकाले धेरैले खोलाकै पानी प्रयोगमा ल्याउने गरेको सम्झँदै उनले भने- 'कुवाको पानी चिसोमा गरम र गर्मीमा चिसो हुने गर्दथ्यो, कुवाको गहिराइ १० फिटदेखि ६० फिटसम्म हुने गर्दथ्यो ।'

'हालको हेण्डपम्प र ओभरहेड ट्यांकीको जस्तो सुरक्षित पानी भने कुवाको हुने गरेको थिएन, वर्षातको पानी कुवामा जम्मा हुँदा निकै दुषित हुने गर्दथ्यो, भ्यागुता, लामखुट्टेलगायत कुवाको पानीमा हुने भएकाले पानीजन्य रोगको प्रकोप त्यस बेला अधिक रहने गरेको थियो' डगौराले सुनाए ।

तत्कालीन सरकारले विसं २०३२ मा गाउँ-गाउँमा कुवा बनाउनका लागि बजेटको व्यवस्था गरी पक्कि कुवा बनाएको उनको भनाइ छ । बस्ती विकाससँगै हेण्डपम्प र ओभरहेड ट्याङ्की निर्माण हुन थालेपछि कुवा हराउँदै गएका स्थानीयको भनाइ छ ।

# श्री भगवती युथ क्लबलाई पराजित गर्दै खुमलटार विजयी

**काठमाडौं ।** सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल संघ) कम्प्लेक्समा भएको शहीद स्मारक बी डिभिजन लिग फुटबल प्रतियोगितामा खुमलटार युथ क्लब विजयी भएको छ ।

खेलमा खुमलटारले श्री भगवती युथ क्लबलाई ४-२ गोल अन्तरले पराजित गर्दै विजयी भएको हो । खेलको २१औं मिनेटमा दिवस छन्त्यालले गोल गर्दै खुमलटारलाई पहिलो अग्रता दिलाए । त्यस्तै खेलको ३१औं मिनेटमा भगवती युथ क्लबका खेलाडी सन्तोष केसीले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि खेलको ५५औं मिनेटमा दिवसले व्यक्तिगत दोस्रो गोल गर्दै खुमलटारलाई २-१ को अग्रता दिलाए ।

खेलको ८३औं मिनेटमा सुरज बस्नेतले गोल गर्दै खुमलटारलाई ३-१ को अग्रता दिलाए । खेलको ८९औं मिनेटमा प्रशन्न श्रेष्ठले गोल गर्दै खुमलटारको अग्रता ४-१ को बनाए । त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा भगवती युथका राजु गुरुङले गोल गरेपनि खुमलटार ४-२ ले विजयी भयो । यस जितसँगै खुमलटारले १० खेलमा १५ अंक जोडेको छ । यता पराजित भगवतीले समान १० खेलमा १४ अंक जोडेको हो ।

## संसदीय व्यवस्थाबारे...

*नजाने तर एमसीसी एवं राष्ट्रघातविरोधी प्रतिनिधिहरूलाई सहभागी गराउने र सहयोग गर्ने नीति प्रयोग गर्नु उपयुक्त हुनेछ ।*

***एमसीसीमा देखिएको राष्ट्रघात र हाम्रो दायित्व***

*सुगौली सन्धिबाट अंग्रेजको नवउपनिवेशमा बदलिएको नेपाल सन् १९५० को भारतसँगको असमान सन्धिपछि भारतको नवउपनिवेशमा पुग्यो । यो एमसीसी सम्झौताले नेपाललाई अमेरिकी साम्राज्यवादको अर्धउपनिवेशमा धकेलिदिएको छ । यसलाई जनताको बलद्वारा प्रतिरोध गरिएन र रोकिएन भने एकपछि अर्को गर्दै २१औं शताब्दीको अमेरिकी उपनिवेशमा पुग्ने चुनौती टड्कारो छ ।*

*एमसीसीविरुद्धको खुला संघर्षमा जे-जति नागरिकहरू सहभागी बने ती नेपाली जनताका प्रतिनिधिमूलक अभिव्यक्ति मात्र हुन् । एमसीसीविरुद्ध हरेक बस्ती, गाउँ र घरघरमा मत व्यक्त भएको छ । यतिसम्म कि कांग्रेस-माके-एस-जसपाका नेताहरूले राष्ट्रघातमा सहमति दिए पनि तिनैका कार्यकर्ता र समर्थक जनता पनि एमसीसीका विरुद्ध रहेका छन् । आउँदा दिनमा हुने क्रान्तिकारी आन्दोलनमा यसको सकारात्मक प्रभाव रहने स्पष्ट छ ।*

*राष्ट्रघाती एमसीसी सम्झौता र अमेरिकी हस्तक्षेपका विरुद्ध पार्टीले सञ्चालन गरेका प्रतिरोध संघर्षका कारण देशभित्र राष्ट्रघाती र राष्ट्रवादी, देशघाती र देशभक्त, दलाल र स्वाभिमानी शक्ति र प्रवृत्तिका बीचमा तीव्र ध्रुवीकरण पैदा गरेको छ । राष्ट्रलाई परिआउँदा कसले काँध थाप्ने र जोखिम मोल्ने साहस गर्छ, कसले निःस्वार्थ देशको स्वाधीनताका लागि जीवन समर्पित गर्छ अनि कसले कायरता र लाचारी प्रदर्शन गर्छ, कसले तुच्छ कुर्सी, मन्त्री र पैसाका लागि देशलाई बुझाउन तयार हुन्छ भन्ने तथ्य आमजनताले देख्ने अवसर पाएका छन् । जनताले कुन शक्ति र प्रवृत्तिलाई सहयोग, माया र साथ दिने, कसलाई घृणा र दुत्कार्ने भन्ने बुझ्दै गएका छन् ।*

*अमेरिकी साम्राज्यवादी हस्तक्षेप र दलालहरूको आत्मसमर्पणवादी चरित्रका कारण देश संकटमा परेको छ । देशको स्वाधीनता र सार्वभौमिकता सर्वाधिक खतरामा परेका छन् । जनतामा गहिरो चिन्ता छ । स्थितिले देशको राष्ट्रिय स्वाधीनता र जनअधिकारको नेतृत्व गर्नुपर्ने जिम्मेवारी पार्टीको काँधमा आएको छ । एकातिर क्रान्तिकारी कम्युनिस्ट पार्टी हुनुको कारण आम श्रमिक जनता, सर्वहारा वर्ग, युवा, बुद्धिजीवीहरूको नेतृत्व गर्नुपर्दछ भने अर्कोतिर देशको स्वाधीनतामा खतरा आएका कारण सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी, अग्रगामी मित्र शक्तिहरूको नेतृत्व लिनु पर्दछ । यो भनेको मूलतः जनवाद र स्वाधीनताको नेतृत्व गर्नुपर्ने जिम्मेवारी हो ।*

*देशको रक्षा गर्नुको सट्टा दलाल पुँजीपति वर्गको संसद साम्राज्यवादी मालिकसामु लम्पसार परेर देश बेच्न पुगेपछि देशको स्वाधीनताको रक्षा गर्ने जिम्मा क्रान्तिकारी पार्टीको नेतृत्वमा आम श्रमिक जनताको हातमा आएको छ । राजनीतिक सिद्धान्तअनुसार कुनै पनि संस्था र कानुनभन्दा जनताको शक्ति नै सार्वभौम एवं निर्णायक हुन्छ । कुनै पनि कारणले होस्, जनताले जिम्मा दिएको वा खडा गरेको संस्थाले जनभावनाको नेतृत्व गर्न सक्दैन भने त्यसलाई विस्थापन गर्ने र पुरानोको ठाउँमा नयाँ संस्था स्थापना गर्ने अधिकार पनि जनताकै हुन्छ । यस अर्थमा एमसीसीलाई संसद्‌ले पास गर्नु नेपाली जनताको भावना र जनमत विपरीतको अपराध हो । यसलाई कुनै पनि अर्थमा कार्यान्वयन हुन दिनु हुँदैन । त्यसका लागि श्रमिक जनताको प्रत्यक्ष सहभागितामा एमसीसीलाई रोक्न र असफल पार्न संघर्ष गर्नु पर्दछ ।*

*विश्व परिस्थितिमा आएको बदलाव*

*बीसौं शताब्दीको उत्तरार्द्धमा पूर्वसोभियत संघको विघटनले पैदा भएको अमेरिकी साम्राज्यवादी नेतृत्वको एकध्रुवीय विश्व २१औं सदीको तेस्रो दशकमा प्रवेश एवं युक्रेनी युद्धसँगै समाप्त भएको छ र विश्व मूलतः दुई ध्रुवमा विभक्त हुन पुगेको छ । एकातिर अमेरिका-ब्रिटेनसहितको ध्रुव खडा भएको छ भने अर्को रुस-चीनसहितको ध्रुव देखापरेको छ । यो ध्रुवीकरणले विश्वलाई नयाँ शीतयुद्धतिर धकेल्छ वा तेस्रो विश्वयुद्धतिर लैजान्छ अहिले नै स्पष्ट छैन तर विश्वको ध्रुवीकरण निकै तीव्र गतिमा फैलिने र हरेक देशलाई प्रभाव पार्ने भने निश्चित छ । प्रतिस्पर्धा, भिडन्त, द्वन्द्व, युद्धजस्ता विषयको सम्भावित परिणामको विश्लेषण गर्दा भन्न सकिन्छ, पुँजीवादी युद्धहरूबाट जति नै पीडा भोग्नु परे पनि यसले मानव जातिलाई साम्यवादी क्रान्तिको महत्वबोध गराइदिनेछ । साम्राज्यवादी युद्धले साम्यवादी क्रान्तिको मार्ग खोलिदिनेछ । क्रान्तिका लागि नयाँ अनुकूलताहरू पैदा गरिदिनेछ । यसरी हामी भन्न सक्छौं- पुँजीवादी बहुध्रुव र उनीहरूबीचको युद्धले क्रान्तिका लागि यो सताब्दीमा अनुकूलताहरू बढाइदिनेछ । (हालै कपिलवस्तुमा सम्पन्न नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको बैठकमा प्रस्तुत दस्तावेजको अंशः जनपाटी डटनेटबाट)*

# सीमाक्षेत्र छाङ्गरुमा पाँच महिनादेखि टेलिफोन सेवा अवरूद्ध



**व्यास ।** हिमपातपछि पाँच महिनादेखि व्यास नगरपालिकाको अति संवेदनशील सीमाक्षेत्र नजिकैको छाङ्गरुमा अवरुद्ध भएको टेलिफोन सेवा महिनौं बितिसक्दा समेत सुचारु हुन सकेको छैन ।

गएको मंसिरमै भएको हिमपातपछि छाङ्गरुमा भएको स्काई टावर बिग्रिएपछि अहिलेसम्मै बन्न नसकेको हो । नेपाल टेलिकमका कार्यालय प्रमुख गुरुङका अनुसार हिमपातका कारण अवरुद्ध भएको सो क्षेत्रको टेलिफोन सेवा अहिलेसम्म बन्न नसकेको हो ।

'नेपाल टेलिकमको स्काई टावर राखिएको क्षेत्रसम्म अहिले पनि हिउँ नपग्लिएका कारण जान सकिने अवस्था रहेन' गुरुङले भने 'हिउँ पग्लिएपछि वैशाखपछि मात्रै फोन सेवा सञ्चालन गर्न सकिएला, सशस्त्र प्रहरीका लागि एन्टीसेटमार्फत जडान गरिएका दुई फोन लाइन भने सञ्चालन गरिएको छ ।'

सीमाक्षेत्रमा खटिने सशस्त्र प्रहरीले पनि महिनौंसम्म सञ्चारविहीन हुनुपरेको थियो । अहिले कार्यालय प्रमुख गुरुङले आफैं छाङ्गरु पुगेर सशस्त्र प्रहरीको फोन लाइन सञ्चालन गरिएको जानकारी दिए ।

## रुस-युक्रेन...

*सम्झौतामा नेपालको संसदले सार्वभौम भएर सहमति गरेको होइन, छैन भन्ने कुरा स्पष्ट गरेको छ । अमेरिकाले एमसीसी कानुनमै एमसीसीलाई आईपिएसको अभिन्न अंग भनिरहेको छ भने यसमा संलग्न केही पूर्व प्रधानमन्त्री र सरकारले समेत एमसीसी मार्फत आउने सहयोगलाई शुद्ध अनुदानको रूपमा अर्थ्याएर भ्रम छर्ने काम गरिरहेका छन् । तर सडकमा जनताले जागरुक बनेर एमसीसीलाई अस्वीकार गरिरहेका छन् ।*

*एमसीसीलाई संसदबाट पारित गराएको नाटक मञ्चन गरेर अमेरिकाले नेपाललाई युद्ध मैदान बनाउने चाहना गरेको कुरा नेपाली जनताले र नेपालका सबै नेताहरूले पनि बुझेका छन् ।*

*नेताहरू अमेरिकाको दवाव र धम्किबाट डराएर नै एमसीसी संसदबाट मतदान नै नगराएर राणाकालीन शैलीमा हुन्छ र हुन्न भन्ने आवाज सुनेको भरमा पारित भएको घोषणा गरियो । अमेरिकाले निर्लज्ज भएर त्यस्तो नाटकलाई संसदको सार्वभौम भन्दै स्वागत गरेको छ । यो घटनाबाट संसदीय व्यवस्था साम्राज्यवादीहरूको दलाल व्यवस्था हो भन्ने सत्य थप प्रमाणित भएको छ । आगे सबैलाई चेतना भया ! (स्वाभिमानबाट)*


## गोकर्णेश्वर नगरपालिकाको अनुरोध !

- वडाबाट प्राप्त गर्ने सेवा-सुविधाका लागि वडागत रूपमै सम्पर्क राखौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- जन्म, मृत्यु बसाइँसराइ, सम्बन्ध-विच्छेद र विवाह दर्तासम्बन्धी व्यक्तिगत घटना दर्ताका लागि आ-आफ्नो सम्बन्धित वडामा सम्पर्क राखी समयमै घटना दर्ता गराऔं ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आवश्यक योग्यता र कागजातबारे सम्बन्धित वडामा सम्पर्क राखी बैंकिङ प्रणालीमार्फत सुविधा लिने गरौं ।
- राष्ट्रिय भवनसंहिताको पूर्ण पालना गरी मापदण्डअनुसार घर निर्माण गरौं ।
- आमा र बच्चा दुवैको सुरक्षाका लागि बर्थिङ सेन्टरमा सुत्केरी गराउने गरौं ।
- सबै किसिमका फोहरलाई एकै ठाउँमा नथुपारी वर्गीकृत गरौं । कुहिने र नकुहिने फोहर छुट्याऔं ।
- जैविक (अर्ग्यानिक) फोहरलाई आफ्नै करेसाबारी वा खेतबारीमा प्रयोग गरौं ।
- प्लास्टिकजन्य फोहर नफालौं ।
- वडागतरूपमा सडक बत्ती व्यवस्थापन, उपयोग र संरक्षण गरौं ।
- कुनै पनि व्यवसाय दर्ता गरेर मात्रै सञ्चालन गरौं ।
- कुनै पनि नागरिकले बालश्रमको शोषण नगरौं ।
- आधुनिक कृषि प्रणाली अपनाई व्यावसायिक कृषक बनौं ।
- उन्नत नश्लका पशुपालन गरी स्वरोजगारी सिर्जना गरौं ।
- धर्म-संस्कृति, सम्पदाको जगेर्ना गरौं । मौलिक पहिचानलाई संरक्षण गरौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

**गोकर्णेश्वर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय (बागमती प्रदेश, काठमाडौं, नेपाल)


# हावाहुरीसहित वर्षाको सम्भावना




**काठमाडौं ।** पश्चिमी न्यून चापीय प्रणालीको प्रभावले देशको अधिकांश भूभागमा आंशिकदेखि सामान्य बदली रही केही स्थानमा वर्षा र हावाहुरीकोसमेत सम्भावना रहेको छ । जल तथा मौसम विज्ञान विभागले प्रदेश नं १, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागका केही स्थानमा मेघ गर्जनसहित चट्याङ र क्षणिक वर्षा तथा हावाहुरीको सम्भावना रहेको हुनाले आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको छ ।

प्रदेश नं १, बागमती र गण्डकी प्रदेशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही देशका अन्य भू-भागमा मौसम सामान्यतया सफा रही प्रदेश न १ र गण्डकी प्रदेशको पहाडी भू-भागका एक वा दुई स्थानमा मेघ गर्जनसहित चट्याङ र हल्का वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । न्यूनचापीय वायुका कारण हावाहुरी, चट्याङ र वर्षाको वातावरण बनेको हो ।

गो.हु.का. द.नं.: ४५/०६३/६४ का.जि.प्र.का. द.नं.: ८९-०५२/५३



## भतरपुरमा...

नारायणी नदी नियन्त्रण आयोजनाको शिलान्यास गर्दै तटबन्ध कार्यक्रम कार्यान्वयनमा आएसँगै नारायणी किनारका जनता त्रासबाट मुक्त भएको बताए । सो आयोजनाको शिलान्यास समारोहमा बोल्दै उनले नदी कटानको समस्या र नागरिकले भोग्नुपरेको पीडा अब अन्त्य भएको उल्लेख गरे ।

आफूले पहिलो पटक प्रधानमन्त्री हुँदा ल्याएको जनता तटबन्धन कार्यक्रम कार्यान्वयनमा आएपछि अब नारायणी नदी किनारका जनता मात्रै होइन वर्षा सुरु भएसँगै राजधानी काठमाडौंमै रहँदा समेत आफूलाई नारायणीको डुबान, कटान के भयो होला भनेर चिन्ता लाग्ने गरेको बताए । 'त्यस भेगका नागरिक मतदाता के गर्दै होलान् भन्ने चिन्ता भई नै रह्यो' भन्दै अध्यक्ष प्रचण्डले भने आफूले जनतासँग गरेको वाचा पुरा गरेको समेत स्मरण गराए ।

नारायणी नदी नियन्त्रण तथा तटबन्धन कार्यक्रम सम्पन्न हुँदा यो क्षेत्र सहर र विकासको केन्द्र हुने भन्दै अध्यक्ष प्रचण्डले थपे 'भरतपुरको विकास देशकै एक मोडेलको रूपमा स्वदेश र विदेशमा चर्चा हुने गरेको छ ।'

स्थानीय तहको चुवान केन्द्रित विभिन्न कार्यक्रममा सहभागी हुने क्रममा अध्यक्ष दाहालले आगामी स्थानीय तहको निर्वाचनमा चितवनका महानगर र उपमहानगरपालिकामा सत्ता साझेदार दलका बीचमा केन्द्र तहबाट नै तालमेल गरेर जाने स्पष्ट छलफल चलिरहेको पनि बताए । भरतपुरमै आयोजित अर्को कार्यक्रममा सहभागी हुँदै उनले सबै राजनीतिक दलहरू आ-आफ्ना तवरले चुनावको तयारीमा लागेको भन्दै उनले भरतपुर महानगरमा आफूहरूको दाबी रहेको पनि बताए ।

हालै भरतपुरमा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै अध्यक्ष दाहालले सत्ता साझेदार दलका बीचमा तालमेल गर्नेतर्फ तीव्र छलफल भइरहेको जानकारी दिँदै भने 'महानगर र उपमहानगर पालिकालाई केन्द्रबाटै तालमेल गर्ने भन्ने छलफल चलेको छ । बिहीबार बस्ने गठबन्धनको बैठकबाट केही न केही निर्णयमा पुग्छौं । कांग्रेसको केन्द्रीय समितिको बैठकले निर्णय गरेपछि गठबन्धनका बीचमा आवश्यकताअनुसार तालमेल हुने कुरामा प्रस्ट भएको छ ।'

भरतपुर महानगरमा आफूहरूको दाबी रहेकोतर्फ जोड दिँदै पूर्वप्रधानमन्त्री प्रचण्डले माओवादी केन्द्र शक्ति सुदृढ गर्ने र आवश्यकताअनुसार तालमेल पनि गर्नेमा अघि बढेको उल्लेख गरे ।

कार्यक्रममा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले यस आयोजना निर्माणका लागि मन्त्रालयको आन्तरिक स्रोत परिचालन गरिएको उल्लेख गरिन् । विगतमा अभिशाप बनेको नारायणी तटीय क्षेत्र तटबन्धन सम्पन्न हुँदा बरदानको रूपमा परिणत हुने मन्त्री भुसालको भनाइ थियो ।

आयोजना सम्पन्न हुँदा २९० बिघा जमिन संरक्षण हुने र केही रकम लागत खर्च वापत लिएर सोझेत्र उकास भएको जमिन सम्बन्धित जग्गा धनीलाई नै दिने आयोजनाको लक्ष्य रहेको समेत मन्त्री भुसालले जानकारी दिइन् । तोकिएकै समयमा गुणस्तरीय ढंगले काम सम्पन्न गर्न निर्माण व्यवसायी र सम्बन्धित कर्मचारीलाई उनको निर्देशन थियो ।

सोही क्रममा भरतपुर महानगरपालिका प्रमुख रेनु दाहालले यो आयोजना सम्पन्न हुँदा नदी तटीय क्षेत्रका नागरिकले कहिल्यै दुःख भोग्नु नपर्ने उल्लेख गरिन् । यो आयोजनाले नागरिकको धन जनाको रक्षा गरेको भन्दै आफूले निर्वाचनका बेला गरेको बाचा पूरा गरेको जिकिर गरिन् ।

## आहुतिको...

आहुतिको त्यस्तो धारणा व्यक्त भएको हो ।

किरण, विप्लव लगायतका सीमित नेतालाई कम्युनिस्ट नेता भन्ने संयोजक आहुतिले उनीहरूकै दललाई मात्रै मित्रशक्तिका रूपमा लिने गरेको भए पनि अघि किरण नेतृत्वको क्रान्तिकारी माओवादी र चन्द नेतृत्वको नेकपासँग एकताका निम्ति प्रयास गरिए पनि त्यो सफल भने हुन सकेन ।

एकता प्रयास असफल भए पनि आहुतिले समेत वैद्यझैं आउँदो स्थानीय तहको निर्वाचनमा भाग नलिने एजेण्डा अगाडि सारेका छन् । पछिल्लो समय ७२ जिल्लामा आफ्नो संगठनको विस्तार गरेका बताउँदै सो दलका संयोजक आहुतिले प्रत्येक जिल्लाबाट पाँच जना प्रतिनिधि भेलामा सहभागी हुने जानकारी दिए । प्रवासमा समेत १५ देश र मोर्चा संगठनबाट प्रतिनिधित्व हुने भेलामा चार सय पचासभन्दा बढी सहभागी हुने पनि आहुतिले जनाए ।

राष्ट्रिय भेला भीडभाड भन्दा पनि वैचारिक मन्थनमा केन्द्रित हुने दावी गरेका संयोजक आहुतिले भने- 'हाम्रो विचारधारात्मक राजनीतिक प्रतिवेदनमाथि तीन वर्षदेखि आम समाजमा छफफल चलाइरहेका छौं । त्यसलाई हामीले अझै परिमार्जन गरेर पेश गरेका छौं । तलैदेखि साथीहरू छलफल गरेर आउनुहुन्छ, हामीले दुई दिनसम्म चल्ने बन्द सत्रमा समूहगत छलफल गरेर अन्तिम रूप दिने मात्रै हो ।'

राष्ट्रिय भेलाको प्रारम्भ सत्रमा नेकपाका महासचिव 'विप्लव' नेकपा क्रान्तिकारी माओवादीका महासचिव 'किरण' र नेकपाका ऋषि कट्टेलसहितका नेतालाई वक्ताका रूपमा निम्ता दिएको समेत आहुतिले बताए । 'सांस्कृतिक रूपमा हामी यो पटकबाट नयाँ गर्दैछौं' आहुतीको दावी थियो- 'मञ्चमा कोही पनि बस्दैनन् । मञ्चमा जसको काम छ, त्यो मान्छे मात्रै त्यति बेला त्यहाँ जान्छ । मञ्चलाई पाठशाला बनाउन सुरु गरेका छौं । त्यहाँ बेला-बेलामा वृत्तचित्र देखाइन्छ । कसैले गीत गाउँछ, कसैले विज्ञान प्रविधि त कसैले दर्शनशास्त्र र समाज विज्ञानबारे केही कुरा भन्छ ।'

कार्यक्रममा विनोद विक्रम केसी, राजु स्याङ्तान, सुमिना, अस्मिता वादीसहितले कविता वाचन गर्ने पनि उनले बताए ।

'नेपाली समाजको बनावटको बारेमा अहिलेसम्म जे विश्लेषण गरिएको छ, त्यो अपर्याप्त मात्रै होइन, गलत पनि छ' भेलाले नयाँ विचार दिने दावी गरेका आहुतिको थपे 'नेपाली समाजको नयाँ विश्लेषण हुनुपर्छ, त्यही हामी गर्दैछौं ।'

'सन् १९५९ पछि विश्व कम्युनिस्ट आन्दोलमा नयाँ क्रान्ति भएन । क्युवाली क्रान्तिसम्म क्रान्तिको लहर छ, त्यसपछि एउटा क्रान्ति पनि भएन । यसको कारण के हो भन्नेबारे नयाँ तथ्यसहित हामी छलफल गर्छौं' संयोजक आहुतिले भने 'समाजवाद स्थापना हाम्रो रणनीतिक लक्ष्य हो' उनको भनाइ छ, 'त्यो प्राप्त गर्नका लागि एक, दुई, तीन गरेर कहाँ पुगेर क्रान्ति सम्पन्न हुन्छ भन्ने श्रृंखला नै हामी प्रस्तुत गर्छौं ।'

आहुतिको राजनीतिक प्रतिवेदनमा 'वैज्ञानिक समाजवाद' कस्तो हुनुपर्छ भन्नेबारेमा बुँदागत रूपमा स्पष्ट उल्लेख गरिएको समेत आहुतिले जानकारी दिए ।

'आजको मुख्य उत्पादक शक्ति विज्ञान तथा प्रविधि हो । अब पुँजी पनि होइन, सामूहिक श्रम पनि होइन र मेसिन मात्रै पनि होइन । हिजोको समाजवाद सामूहिक श्रममा आधारित रहेर बनाउने भनिएको हो । अब विज्ञान प्रविधिमा आधारित भएर बन्छ' उल्लेख गरिएको प्रतिवेदनको दोस्रो बुँदामा 'निजी सम्पत्तिको उन्मूलन गर्नुपर्छ तर राष्ट्रियकरण होइन । राष्ट्रियकरणको साटो सामुदायिकीकरण गर्नुपर्छ । राष्ट्रियकरण भनेको राज्यकरण हो । राज्य भनेको निजी सम्पत्तिकै विस्तारित रूप हो' उल्लेख गरिएको छ ।

संयोजक आहुतिको राष्ट्रिय भेलामा प्रस्तुत हुने सोही प्रतिवेदनको तेस्रो बुँदामा 'अहिलेसम्म चलेको प्रतिनिधिमूलक राजनीतिक प्रणाली गलत छ । प्रतिनिधिहरूले शासन गर्ने व्यवस्था पुँजीवाद हो । अब सरोकारवाला वर्ग समुदायले निर्णय गर्ने र तिनका प्रतिनिधिले केवल लागू गर्ने गर्नुपर्छ । प्रतिनिधिले लागु मात्रै गर्न पाउँछ, निर्णय गर्न पाउँदैन । कविला युगमा पनि सामूहिक निर्णय हुन्थ्यो र तिनको मुखियाले लागु गर्न पाउँथ्यो । त्यहाँ प्रत्यक्ष लोकतन्त्र हुन्थ्यो । अब प्रतिनिधिमूलक समाजवाद होइन, सरोकारवालाले निर्णय गर्ने र प्रतिनिधिहरूले केवल लागु मात्रै गर्ने प्रणाली मात्रै समाजवाद हुन सक्छ । हामी त्यसमा जान्छौं' उल्लेख गरिएको उनले बताउँदै चौथो बुँदामा 'समाजवाद प्रकृतिमैत्री हुनुपर्छ । हिजोको क्रान्तिमा प्रकृतिको समस्या देखापरिसकेको थिएन । अथवा ज्ञान पनि थिएन । अब त यो मानवजातिकै अस्तित्वको मुख्य मुद्दा भएको छ । वैज्ञानिक समाजवाद प्रकृतिमैत्री हुनुपर्छ' उल्लेख गरिएको आहुतिले जानकारी दिए ।

सोही प्रतिवेदनको पाँचौं बुँदामा 'जात व्यवस्था, पितृसत्ता र मानवनिर्मित सम्पूर्ण भेदभावको अन्त्य यो व्यवस्थामा हुनुपर्छ' उल्लेख गरिएको जानकारी दिँदै आहुतिले वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी विधानमा निरन्तर एक कार्यदलभन्दा बढी महासचिव हुन नपाइने व्यवस्था गरिएको समेत बताए ।

'एउटा उत्पादनमूलक सार्वभौम समितिहरू हुन्छन्, जसले उत्पादनमा भाग लिन्छन्' संयोजक आहुतिले आफ्नो पार्टीसंरचनाबारे जानकारी दिँदै भने 'प्रत्येक सदस्य कुनै न कुनै उत्पादन इकाइको सदस्य हुन्छन्, अर्कोतिर राजनीतिक लडाइँ लड्ने सार्वभौम समिति हुन्छन् ।'

## तीतेपातीको...

*रगतलाई पोषण प्रदान गर्ने र रगतको कमी हुन नदिनेजस्ता फाइदाहरूलाई जनाउँदछ । यसले शरीरको रोग प्रतिरोधात्मक क्षमता बजबुत बनाउँछ ।*

*त्यसैगरी, वार्म ड्रेडिङ : वार्म ड्रेडिङ भन्नाले विशेषतः रक्त प्रणालीलाई सक्रिय पार्ने, स्टेसिस भङ्ग गर्ने र मेरिडियन प्वाइन्ट स्वस्थ राख्ने तथा सक्रिय गराउने काम भन्ने बुझ्नुपर्छ । त्यस्तै, वार्म मेल्टिङ : वार्म मेल्टिङ भन्नाले छातीको समस्या उब्जन र छातीमा कफ जम्न नदिने र छाती भारी हुने समस्याबाट छुटकारा पाउने अर्थमा बुझ्न सकिन्छ । शरीरभित्र रहेका अनेकौं विकार तत्व हटाउन समेत मोक्सिबुसन थेरापी निकै नै लाभदायक हुन्छ ।*

*र, अन्त्यमा...*

*मोक्सिबुसन विधि अपनाउँदा मोक्सा कोन अनिवार्यजस्तै साधन हो । यो विधिमा कोनको एक छेउलाई जलाएर शरीरको बाहिरी भागमा बिस्तारै ताप दिइन्छ । ताप दिँदै जाँदा छाला क्रमशः रातो हुँदै जान्छ र न्यानोपनको महसुस हुन्छ । त्यसपछि त्यो भागमा मोक्सिबुसन थेरापी गरिँदैन ।*

*मोक्सिबुसन विधि अपनाउँदा छाला पोल्न सक्ने कुरामा ध्यान दिएर निश्चित दूरी कायम गर्नुपर्छ । सामान्यतः मोक्सा स्टिक वा कोनलाई शरीरभन्दा एक इन्च टाढा राखिन्छ र आवश्यकताअनुसार ताप दिइन्छ । छाला रातो अनि तातो हुन थालेपछि नजिकबाट मोक्सा हटाइन्छ ।*

*मोक्सिबुसनबाट उत्पन्न हुने न्यानोपनले शरीरभर ऊर्जा प्रवाहित गराउँछ । 'मेरिडियन' भनेर चिनिने शरीरका विभिन्न प्वाइन्टहरूमार्फत यो थेरापीका माध्यमबाट शरीरमा ऊर्जाको प्रवाह गराइन्छ । मोक्साबिसन थेरापी जथाभावी गर्नु उचित हुँदैन; तालिम प्राप्त एवम् अनुभवी व्यक्ति या विशेषज्ञको सल्लाह र निगरानीमा गर्नु राम्रो हुन्छ ।(होलिस्टिकबाट)*

## स्थापनाको ६७औं वर्ष प्रवेश गर्दै

# नेपाल पत्रकार महासंघ

**काठमाडौं ।** नागरिक अकिार, लोकतन्त्र, प्रेस स्वतन्त्रता पत्रकारको हिकहित एवं पेशागत मुद्दाका लागि निरन्तर रुपमा लड्दै आएको नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासंघ स्थापनाको ६७औं वर्षमा प्रवेश गरेको छ ।

आफ्नो स्थापनाको ६६ वर्ष पूरा गर्दागर्दै महासंघले तीन तहमा बन्दै गएका कानुनका कतिपय व्यवस्थामा असहमति जनाउँदा त्यसलाई सच्चाउनेतर्फ भन्दा तिनलाई उपेक्षा गर्ने चरित्र राज्यले देखाएको जिकिर गर्दै आएको छ ।

नेपाली प्रेसलाई स्वतन्त्र र मर्यादित बनाउने सन्दर्भमा पत्रकार महासंघ गम्भीर रहेको तथा त्यसका लागि आवश्यक कानुन बनाउने सन्दर्भमा सकारात्मक रहेको जनाउँदै अध्यक्ष विपुल पोखरेलले नियन्त्रणकारी मनसायका साथ कानुन बनाउने खोजिए महासंघले सशक्त प्रतिवाद गर्ने स्पष्ट पारे ।

महासंघसहित सरोकार पक्षसँग पर्याप्त छलफल र सहमतिमा प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्ने गरी सञ्चारसम्बन्धी कानुन निर्माण गर्न पुनः आग्रह गरेको उनको भनाइ थियो ।

महासंघले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, साना लागानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन, पत्रकारको दक्षता अभिवृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना र आमसञ्चार प्राधिकरणजस्ता निकायको स्थापना गर्नुपर्ने माग गर्दै आएको छ ।

अध्यक्ष पोखरेलले दिवसका अवसरमा देशैभर र विश्वका विभिन्न स्थानमा छरिएर रहेका महासंघका सदस्यसहित आमनेपाली सञ्चारकर्मी र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा बधाई तथा शुभकामना व्यक्त गर्दै प्रेस काउन्सिलको पुनर्संरचना, समानुपातिक विज्ञापनको कार्यान्वयन र श्रमजीवी पत्रकार कल्याण कोषमा विज्ञापनको १० प्रतिशत रकम राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आग्रह गरे ।

महासंघले पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, निःशुल्क उपचारको प्रबन्ध, ज्येष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ता वितरणको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका माग पूरा गर्न सरकारसहित सम्बन्धित निकायमा ध्यानाकर्षणसमेत गराउँदै आएको छ ।

शुभकामना सन्देशमा भनिएको छ, '२०७७ चैतमा २६औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिले हाम्रा मुद्दालाई प्राथमिकताका साथ उठाउने छ, प्रेस स्वतन्त्रता, श्रमजीवीको सवाललाई केन्द्रविन्दूमा राखेर नै यो कार्यसमितिले आफ्ना रणनीति निर्माण गर्ने छ, यो हाम्रो साझा प्रतिबद्धता हो, महासंघको स्थापना दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै हाम्रो दायित्व र समाजले अपेक्षा गरेको भूमिका निर्वाह गर्न सबैमा अपिल गर्दछु ।'

स्थापना दिवसको अवसरमा महासंघले प्रभातफेरी, फुटसल प्रतियोगिता, सञ्चारका विविध विषयमा विज्ञसहितको अन्तर्क्रिया, रक्तदान, स्वास्थ्य शिविर जस्ता रचनात्मक कार्यक्रमको आयोजना समेत गरको थियो ।


## कसैलाई सर्पले टोकिहालेमा-

- नआत्तिऔं र बिरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकाले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफुकको विधिमा नअल्मलिऔं,
- जतिसक्दो चाँडो बिरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं